# नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
## विद्युत विकास विभाग

## विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र
### (मनहरी खोला अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना)

**अनुमतिपत्र संख्या : वि.वि.वि. ०७८/७९ वि.उ.स. ११८१ (दोश्रो पटक जारी भएको)**

श्री डाईनामिक पावर प्रा.लि.

काठमाण्डौ महानगरपालिका वडा नं. २९ सामाखुशी, काठमाण्डौ ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०७८/१०/२० मा दिनु भएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :-**

श्री डाईनामिक पावर प्रा.लि.

काठमाण्डौ महानगरपालिका वडा नं. २९ सामाखुशी, काठमाण्डौ ।

फोन नं. :- ०१-४४३७५४४, सम्पर्क मोबाइल नं. :- ९८५१०२७९९२

इमेल :- power.dynamic1414@gmail.com

२. **उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम :-** जलविद्युत ।

३. **जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलश्रोतको नाम :-** मनहरी खोला ।

(वागमती प्रदेश अन्तर्गत पर्ने मकवानपुर जिल्लाको कैलाश र राक्सीराङ्ग गाउँपालिका (साविक नारायणी अञ्चल मकवानपुर जिल्लाको भार्ता, कालिकाटार र राक्सीराङ्ग गा.वि.स.) मा अवस्थित मनहरी खोलामा पहिचान भएको ४,५०० किलोवाट (४.५ मेगावाट) क्षमताको मनहरी खोला अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना ।)

४. **सर्वेक्षण गर्ने क्षेत्र :-**

| | | | |
|---|---|---|---|
| (क) | प्रदेश | : | वागमती प्रदेश (साविक नारायणी अञ्चल) । |
| (ख) | जिल्ला | : | मकवानपुर जिल्ला । |
| (ग) | गा.वि.स./न.पा./पालिका | : | कैलाश र राक्सीराङ्ग गाउँपालिका (साविक भार्ता, कालिकाटार र राक्सीराङ्ग गा.वि.स.) । |
| (घ) | पूर्व | : | ८४° ५५' १८" पूर्वी देशान्तर । |
| | पश्चिम | : | ८४° ५३' ४०" पूर्वी देशान्तर । |
| | उत्तर | : | २७° ३५' १४" उत्तरी अक्षांश । |
| | दक्षिण | : | २७° ३३' ३७" उत्तरी अक्षांश । |

(माथि उल्लिखित क्षेत्र भित्रको मनहरी खोलाको पानि उपयोग गर्ने गरी ।)

५. **सर्वेक्षणको प्रकृति :-**

सम्भाव्यता तथा वातावरणीय अध्ययन ।

६. **अनुमतिपत्र बहाल रहने अवधि :-**

मिति : २०७८/११/६ देखि २०७९/११/५ सम्म (यो अनुमतिपत्रको म्याद थप हुने छैन ) ।

७. **अन्य शर्तहरु :-**

(क) सर्वेक्षण कार्य गरिने स्थलको मोटा-मोटी नक्शा त्यस संस्थाले दरखास्तासाथ पेश गरेको अनुसूची -१ को संलग्न नक्शा बमोजिम हुनेछ ।

(ख) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य ३ महिनाभित्र शुरु गरी सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ । विभागीय अनुगमन प्रयोजनका लागि प्रत्येक ६/६ महिनामा कार्य प्रगति विवरण विभाग समक्ष उपलब्ध गराउनु पर्नेछ । विभागले आवश्यक ठानेमा कार्य प्रगति सम्बन्धमा फिल्ड अनुगमन एवं प्रस्तुति समेत गर्न लगाउन सक्नेछ ।

(ग) नेपाल सरकारबाट जलविद्युत आयोजनाहरुको अध्ययन कार्य गर्दा अपनाउनुपर्ने प्रकृयाबारे तयार गरिएको "Guidelines for Study of Hydropower Projects, 2018" को अधिनमा रही त्यस संस्थाले पेश गरेको Desk Study Report तथा दरखास्त साथ पेश गरेका अन्य कागजातहरु बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) अनुमतिपत्र प्रदान भएको मितिबाट एक बर्षको अवधि भित्र प्रवर्द्धकले कम्तिमा यस अनुमतिपत्रको प्रकरण ७ (ग) मा उल्लिखित स्वीकृत Guidelines बमोजिम आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययनतर्फ उल्लेखनीय प्रगति गर्नुपर्ने छ र त्यसको प्रगति प्रतिवेदन विद्युत विकास विभाग समक्ष पेश गर्नुपर्नेछ ।

(ङ) शर्त ७ (घ) मा उल्लिखित कार्यहरु तोकिएको अवधिभित्रै एवं शर्त ७ (ग) बमोजिमको गुणस्तरमा सम्पन्न गर्ने गरी तयार गरिएको परिमार्जित कार्यतालिका यो अनुमतिपत्र प्रदान भएको मितिले एक महिना भित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(च) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम त्यस संस्थाले व्यहोर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले यो अनुमतिपत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा ५ बमोजिम तोकिएका अधिकारीबाट स्वीकृती लिनुपर्नेछ । अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सो को जानकारी विद्युत विकास विभागलाई ३० दिनभित्र दिनुपर्नेछ ।

(ज) यस अनुमतिपत्रमा उल्लिहित संस्थाको ठेगानामा कुनै परिवर्तन भएको खण्डमा नयाँ ठेगानामा सरेको १५ दिनभित्र विभागलाई जानकारी गराउनुपर्नेछ । जानकारीको अभावमा विभागद्वारा प्रेषित पत्र फिर्ता आएमा सोको जिम्मेवारी प्रवर्द्धक स्वयमको हुनेछ । विभागले कुनै विवरण वा प्रतिक्रिया लिन आवश्यक भएमा त्यस संस्थाले उपलब्ध गराएको पछिल्लो ठेगानालाई नै आधार बनाईनेछ।

(झ) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन,२०७६ तथा वातावरण संरक्षण नियमावली,२०७७ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरु अनुसार गर्नुपर्नेछ । साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९, वन ऐन,२०४९ लगायतका अन्य प्रचलित कानूनी प्रावधानको अवलम्बन गरी अध्ययन गर्नुपर्नेछ । साथै प्रस्तुत आयोजनाको तल्लो तट (Downstream) मा वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएको मात्रा र जसश्रोत ऐनमा उल्लेख भएको पानीको उपयोगलाई प्राथमिकता दिई अध्ययन गर्नुपर्नेछ ।

(ञ) यो अनुमतिपत्रमा उल्लेख गरिएको सर्वेक्षण क्षेत्रभित्र (अन्य कुनै खोला/नदीमा समेत) वा माथिल्लो तट (Upstream) वा तल्लो तट (Downstream)मा विगतमा निर्माण भएका वा निर्माणाधीन वा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरु वा कुनै विद्युत उत्पादनको जानकारी स्वीकृती प्रदान गरिएको भए वा भविष्यमा कुनै सर्वेक्षण अनुमतिपत्र वा जानकारी स्वीकृति प्रदान गरिएको खण्डमा सो आयोजनासंग समन्वय गरी आवश्यक अध्ययन गर्नुपर्नेछ । यस्ता आयोजनाहरुको सम्बन्धमा अध्ययन प्रयोजनका लागि आवश्यक विवरण विद्युत विकास विभागमा अनुरोध गरी लिन सकिनेछ । यसबारे समन्वय हुन नसकेमा विभागले ऐन, नियमको परिधिभित्र रही निर्णय गर्नेछ ।

(ट) प्रस्तावित आयोजनाको माथिल्लो तट (Upstream) वा तल्लो तट (Downstream) मा सिंचाईको कुलो, नहर, पानीघट्ट, पानी मिल खानेपानी योजना तथा जाला सञ्चालित अन्य आयोजना भए सोमा कुनै प्रतिकुल असर नपर्ने गरी आयोजनाको संरचना तथा आवश्यक पूर्वाधारहरुको सम्भाव्यता अध्ययन कार्य गर्नुपर्नेछ ।

(ठ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्र भन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरु (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत) को सर्वेक्षण अध्ययन गर्नु पर्नेछ ।

(ड) सर्वेक्षण कार्यको शिलशिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पुर्व सुचना दिएर विद्युत ऐन, नियमावली एवं जग्गा प्राप्ति ऐनको व्यवस्था अनुसार मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले नै क्षतिपुर्ती दिनु पर्नेछ ।

(ढ) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमति दिईएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरु सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस अनुमतिपत्रको म्याद भित्रै नियम १२ बमोजिमका विवरणहरु खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(ण) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नुपरेमा सो को पूर्व स्विकृती लिनुपर्नेछ ।

(त) प्रचलित ऐन नियमहरुको अधिनमा रही आयोजनाको सर्वेक्षण कार्यको लागी आवश्यक पर्ने सामाग्रीहरु एवं सञ्चार सुविधा सङ्ग सम्बन्धित सामाग्रीहरुको सिफारिशका लागि प्रवर्द्धकले अनुरोध गरेमा विद्युत विकास विभागले आवश्यक सहयोग गर्नेछ ।

(थ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा आवश्यकता एवं औचित्यका आधारमा ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय/ विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(द) विद्युत ऐन,२०४९ को दफा ५ (१) बमोजिम प्रस्तुत आयोजनाका लागि यसपूर्व जारी गरिएको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या : वि.उ.स. ९५३ ले व्यतित गरेको ४ बर्षको अवधि (मिति : २०७४/८/११ - २०७८/८/१०) समेत गणना गरी यो अनुमतिपत्रको अधिकतम अवधि १ वर्ष भन्दा बढी नहुने हुँदा यो अनुमतिपत्रको म्याद थप हुनेछैन ।

**अनुमतिपत्र दिने अधिकारीको**

सहि :

नाम : सन्दीप कुमार देव

पद : महानिर्देशक

विद्युत विकास विभाग

मिति : २०७८/११/६